विधेयक संख्या :-

# श्रमजीवी पत्रकार सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०६४
# को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

व्यवस्थापिका - संसद सचिवालय
व्यवस्थापिका- संसद भवन
सिंहदरवार

## उद्देश्य र कारण

श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ लाई समसामयिक संशोधन गरी सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारहरुको हक, हित, सुविधा र सुरक्षाको सम्बन्धमा थप प्रभावकारी कानूनी व्यवस्था गर्न श्रमजीवी पत्रकार सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०६४ पेश गरेको छु ।

| | |
|---|---|
| नेपाल सरकार<br>सूचना तथा सञ्चार मन्त्रालय | कृष्ण बहादुर महरा<br>सूचना तथा सञ्चार मन्त्री |

श्रमजीवी पत्रकार सम्बन्धी ( पहिलो संशोधन) विधेयक, २०६४

## आर्थिक टिप्पणी

सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारको पारिश्रमिक एवं सुविधाहरु सम्बन्धित सञ्चार प्रतिष्ठानले नै व्यहोर्ने हुँदा श्रमजीवी पत्रकार सम्बन्धी ( पहिलो संशोधन) विधेयक, २०६४ को व्यवस्थाबाट नेपाल सरकारलाई प्रत्यक्ष रुपमा थप आर्थिक दायित्व पर्ने अवस्था देखिदैन ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय

कृष्ण बहादुर महरा
सूचना तथा सञ्चार मन्त्री

# श्रमजीवी पत्रकार सम्बन्धी ( पहिलो संशोधन ) विधेयक, २०६४

## प्रत्यायोजित व्यवस्था सम्बन्धी टिप्पणी

श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ मा तोकिए वा तोकिए बमोजिम भन्नाले सो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ भन्ने व्यवस्था रहेकोले श्रमजीवी पत्रकार सम्बन्धी ( पहिलो संशोधन ) विधेयक, २०६४ को दफा ४, दफा ११ को उपदफा (४) र दफा ३६ ले नियम बनाउन सक्ने व्यवस्था प्रस्ताव गरेको छ । ती दफाहरुमा उल्लेख भए अनुसार प्रत्यायोजित व्यवस्थापनसँग सम्बन्धित प्रस्तावित विधेयकको व्यवस्था , नियमावली वनाउन पर्ने कारण र त्यसबाट पर्न सक्ने प्रभावहरु यस प्रकार छन् :-

| क.सं | प्रस्तावित विधेयकको दफा/उपदफा | नियम बनाउन सकिने व्यवस्था | नियम बनाउनु पर्ने कारण | बनाईने नियमको प्रकृति तथा त्यसबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | दफा ४ | सञ्चार प्रतिष्ठानले श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारको पद खुल्ला प्रतियोगिताद्वारा छनौट गरी पूर्ति गर्दा अपनाउनु पर्ने प्रकृया र त्यसरी छनौट भएका व्यक्तिलाई नियुक्तिपत्र दिनु पर्ने अवधि सम्वन्धी व्यवस्थाहरु ऐनमा राख्न उपयुक्त नभएको । | खुल्ला प्रतियोगिताद्वारा छनौट गरी पदपूर्ति गर्दा अपनाउनु पर्ने विस्तृत प्रकृयाहरु एवं छनौट भएका व्यक्तिलाई नियुक्तिपत्र दिनुपर्ने अवधि सम्वन्धमा नियममा व्यवस्था गर्न उपयुक्त भएको । | यसवाट पदपूर्ति गर्दा अपनाउनु पर्ने सम्पूर्ण प्रकृया एवं नियुक्तिपत्र दिनु पर्ने अवधि समेत नियममा स्पष्ट रुपमा किटान भई पदपूर्ति सम्वन्धी कामकारवाहीमा पारदशिता कायम हुने । |
| २ | दफा ११ को उपदफा (४) | पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण समितिको मुख्य काम कर्तव्य र अधिकार ऐनमा व्यवस्था गरि सो वाहेकका अन्य काम, कर्तव्य र अधिकार नियममा व्यवस्था गर्न उपयुक्त भएको । | ऐनमा व्यवस्था भएको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार सम्वन्धमा विस्तृत रुपमा नियममा व्यवस्था गर्न उपयुक्त भएको । | यसवाट समितिको काम, कर्तव्य र अधिकार विस्तृत रुपमा नियमावलीमा उल्लेख हुन गई काम, कर्तव्य र अधिकारमा थप स्पष्टता हुने । |
| ३ | दफा ३६ | ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकाले नियम वनाउन सक्ने र ऐन नियमको अधिनमा रहि सम्वन्धित सञ्चार प्रतिष्ठानले विनियम वनाउन सक्ने गरी व्यवस्था गर्न आवश्यक भएको । | ऐनको उद्देश्य पूरा गर्नको लागि नेपाल सरकारले नियममा वनाउन र ऐन नियम अन्तर्गत सम्वन्धित सञ्चार प्रतिष्ठानले विनियम वनाउन सक्ने गरी व्यवस्था गर्न उपयुक्त भएको । | नियममा गरिएको विस्तृत व्यवस्थावाट ऐनको उद्देश्य कार्यान्वयनमा सघाउ पुग्ने र ऐन नियम अन्तर्गत सम्वन्धीत सञ्चार प्रतिष्ठानले विनियम वनाउन सक्ने व्यवस्थावाट त्यस्तो सञ्चार प्रतिष्ठानको काम कारवाहमा थप स्पष्टता भई जवाफदेहीता र पारदर्शिता समेत कायम हुने अवस्था सृजना हुने । |

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय

कृष्ण बहादुर महरा
सूचना तथा सञ्चार मन्त्री

# श्रमजीवी पत्रकार सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "श्रमजीवी पत्रकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०६४" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ को दफा २ मा संशोधनः श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) झिकिएकोछ ।

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ :-

"(ख) "सञ्चार प्रतिष्ठान" भन्नाले सञ्चार सम्बन्धी कुनै व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले तीन जना वा सोभन्दा बढी श्रमजीवी पत्रकार, कर्मचारी वा कामदार कार्यरत रहेको प्रचलित कानून बमोजिम स्थापना वा दर्ता भएको सार्वजनिक वा निजी सञ्चार माध्यम वा संगठित संस्था सम्झनु पर्छ ।"

(३) खण्ड (घ) र (ङ) को सट्टा देहायका खण्ड (घ) र (ङ) राखिएका छन् :-

"(घ) "श्रमजीवी पत्रकार" भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्ति बाहेक सञ्चार सम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय अपनाई पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सञ्चार प्रतिष्ठानमा समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिन्जर; समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेभ डिजाइनर, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृष्य वा भाषा सम्पादक जस्ता पत्रकारिता पेशासँग सम्बन्धित व्यक्ति समेतलाई जनाउँछ ।

(ङ) "कर्मचारी" भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय कार्यको अन्तिम निर्णय गर्न अधिकार प्राप्त व्यक्ति बाहेक त्यस्तो प्रतिष्ठानको प्रशासनिक, व्यवस्थापकीय, प्राविधिक वा अन्य कार्यमा संलग्न व्यक्ति सम्झनु पर्छ ।"

(४) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएकोछ :-

"(ङ१) "कामदार" भन्नाले श्रमजीवी पत्रकार वा कर्मचारी बाहेक सञ्चार प्रतिष्ठानमा सञ्चार सामग्री बिक्री वितरण वा उत्पादन गर्ने वा अन्य श्रममूलक कार्यमा संलग्न व्यक्ति सम्झनु पर्छ ।"

३. मूल ऐनको दफा ३ मा संशोधनः मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएकोछ :-

"३. पदको वर्गीकरण गर्नु पर्नेः (१) व्यवस्थापकले सञ्चार प्रतिष्ठानको कामको प्रकृति अनुसार श्रमजीवी पत्रकारको पद र त्यस्तो पदको तहगत वर्गीकरण गर्नु पर्नेछ ।

(२) व्यवस्थापकले उपदफा (१) बमोजिम पदको तहगत वर्गीकरण गर्दा समितिले निर्धारण गरे बमोजिम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पद र त्यस्तो पदको तहगत वर्गीकरण गरिसकेपछि व्यवस्थापकले सो पदको लागि चाहिने योग्यता, अनुभव, काम, कर्तव्य र अधिकार तथा उत्तरदायित्व समेत उल्लेख भएको विवरण प्रेस रजिष्ट्रारलाई दिनु पर्नेछ ।"

४. मूल ऐनमा दफा ३क. थप : मूल ऐनको दफा ३ पछि देहायको दफा ३क. थपिएकोछ :-

"३क. नियुक्ति नदिई काममा लगाउन नहुने : व्यवस्थापकले यस ऐन बमोजिम नियुक्ति नदिई कुनै पनि व्यक्तिलाई श्रमजीवी पत्रकारको पदमा काममा लगाउन हुँदैन ।"

५. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएकोछ :-

"४. खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्नु पर्नेः (१) दफा ३ को उपदफा (३) बमोजिमको विवरण प्रेस रजिष्ट्रारलाई दिइसकेपछि व्यवस्थापकले सञ्चार प्रतिष्ठानको लागि आवश्यक पर्ने श्रमजीवी पत्रकारको पद तोकिएको प्रकृया अपनाई खुल्ला प्रतियोगिताद्धारा छनौट गरी पूर्ति गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खुल्ला प्रतियोगिताद्वारा छनौट भएका व्यक्तिलाई व्यवस्थापकले तोकिएको अवधिभित्र नियुक्तिपत्र दिनु पर्नेछ ।"

६. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएकोछ :-

"५. करारमा नियुक्ति गर्न सक्नेः (१) दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चार प्रतिष्ठानको विशेष प्रकृतिको कामका लागि कुनै व्यक्तिको विशेषज्ञ सेवा लिनु पर्ने भएमा व्यवस्थापकले प्रेस रजिष्ट्रारको स्वीकृति लिई निश्चित समयावधि तोकी त्यस्तो व्यक्तिलाई श्रमजीवी पत्रकारको पदमा करारमा नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम करारमा नियुक्त भएको व्यक्तिले गर्नु पर्ने काम, पाउने पारिश्रमिक, सेवाको अवधि तथा सेवाका अन्य शर्त एवं सुविधा करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा नियुक्त भएको श्रमजीवी पत्रकारको पारिश्रमिक तथा अन्य सुविधा सञ्चार प्रतिष्ठानको समान पद वा तहमा कार्यरत श्रमजीवी पत्रकारले पाउने पारिश्रमिक तथा अन्य सुविधाभन्दा कम हुने छैन ।"

७. मूल ऐनमा दफा ५क. थप : मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. थपिएकोछ :-

"५क. <u>नियुक्तिको जानकारी दिनु पर्ने</u> : (१) दफा ४ वा ५ बमोजिम कुनै व्यक्तिलाई श्रमजीवी पत्रकारको पदमा नियुक्त गरिसकेपछि व्यवस्थापकले सोको जानकारी प्रेस रजिष्ट्रारलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको जानकारी प्रेस रजिष्ट्रारले अद्यावधिक गरी राख्नु पर्नेछ ।"

८. <u>मूल ऐनको दफा ११ मा संशोधन</u>: मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएकोछ :-

"११ <u>समितिको गठन</u> : (१) श्रमजीवी पत्रकारले पाउने मासिक पारिश्रमिक वा दफा १४ बमोजिमको क्षतिपूर्तिको रकम निर्धारण गर्न तथा त्यस्तो पारिश्रमिक र क्षतिपूर्तिको रकम आवश्यकता अनुसार पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकारमा सिफारिस गर्नको लागि देहायका सदस्यहरु भएको एक पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण समिति गठन हुनेछ :-

(क) सञ्चारको क्षेत्रमा कम्तीमा बीस वर्ष काम गरेका ख्याती प्राप्त सञ्चारविद्हरु मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -अध्यक्ष

(ख) प्रतिनिधि (राजपत्रांकित प्रथम श्रेणी), श्रम तथा यातायात व्यवस्था मन्त्रालय -सदस्य

(ग) सभापति, नेपाल पत्रकार महासंघ -सदस्य

(घ) ट्रेड युनियन महासंघका सभापतिहरु मध्येबाट एकजना -सदस्य

(ङ) श्रमजीवी पत्रकार संघका सभापतिहरु मध्येबाट एकजना -सदस्य

(च) व्यवस्थापकहरू मध्येबाट दुईजना -सदस्य

(छ) श्रम तथा अर्थ सम्बन्धी विशेषज्ञहरू मध्येबाट एकजना -सदस्य

(ज) प्रेस रजिष्ट्रार -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (घ), (ङ), (च) र (छ) बमोजिमका सदस्यहरुको मनोनयन नेपाल सरकारले गर्नेछ ।

(३) समितिको अध्यक्ष तथा मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(४) यस ऐनमा लेखिएदेखि बाहेक समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।"

९. <u>मूल ऐनको दफा २४ मा संशोधन</u>: मूल ऐनको दफा २४ को ठाउँ ठाउँमा रहेका "तोकिएको समिति" भन्ने शब्दहरूको सट्टा "प्रेस रजिष्ट्रार" भन्ने शब्दहरू राखिएका छन् ।

१०. <u>मूल ऐनको दफा ३१ मा संशोधन</u>: मूल ऐनको दफा ३१ को सट्टा देहायको दफा ३१ राखिएकोछ :-

"३१. पुनरावेदनः दफा ३० बमोजिम व्यवस्थापकले गरेको सजाय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र प्रचलित कानून बमोजिम स्थापना भएको श्रम अदालतमा पुनरावेदन गर्न सक्नेछ ।"

११. मूल ऐनको दफा ३३ मा संशोधनः मूल ऐनको दफा ३३ को उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन् :-

"(३) कुनै व्यवस्थापकले पटक पटक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा प्रेस रजिष्ट्रारले त्यस्तो व्यवस्थापकलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको सजाय उपर चित्त नबुझ्ने व्यवस्थापकले त्यस्तो सजाय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।"

१२. मूल ऐनमा दफा ३३क. थपः मूल ऐनको दफा ३३ पछि देहायको दफा ३३क. थपिएकोछ :-

"३३क. सुविधा रोक लगाउन सिफारिस गर्न सक्नेः (१) कुनै सञ्चार प्रतिष्ठानले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा प्रेस रजिष्ट्रारले त्यस्तो सञ्चार प्रतिष्ठानलाई देहाय बमोजिमका सुविधा प्रदान गर्नबाट रोक लगाउन सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ :-

(क) सञ्चार प्रतिष्ठानले पत्रपत्रिका प्रकाशन गर्ने भएमा त्यस्तो पत्रपत्रिकालाई प्रचलित कानून बमोजिम पत्रपत्रिका वर्गीकरणमा समावेश नगर्न,

(ख) नेपाल सरकारबाट दिने अनुदान वा विज्ञापनमा रोक लगाउन वा कटौती गर्न,

(ग) सञ्चार सामग्री एवं सोसँग सम्बन्धित कच्चा पदार्थको आयातमा रोक लगाउन ।

(घ) प्रेस पास उपलब्ध नगराउन,

(ङ) सरकारी भ्रमण दलमा सहभागी नगराउन । "

१३. मूल ऐनको दफा ३४ मा संशोधन : मूल ऐनको दफा ३४ को सट्टा देहायको दफा ३४ राखिएकोछ :-

"३४ कर्मचारी तथा कामदारको नियुक्ति, सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था : (१) श्रमजीवी पत्रकारको नियुक्ति, सेवाको शर्त र सुविधाका सम्बन्धमा यस ऐनमा भएका व्यवस्थाहरु कर्मचारी तथा कामदारका हकमा समेत समान रुपमा लागू हुनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारको पारिश्रमिक तथा सुविधा बाहेकका अन्य व्यवस्थाहरु सम्बन्धित सञ्चार प्रतिष्ठानको सेवा, शर्त र सुविधा सम्बन्धी कानून बमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारले यस ऐनमा लेखिएभन्दा बढी

पारिश्रमिक तथा सुविधा पाउने भएमा त्यस्तो बढी पारिश्रमिक तथा सुविधा पाउन यस ऐनले कुनै बाधा पुऱ्याएको मानिने छैन ।”

१४. मूल ऐनमा दफा ३४क. ३४ख. ३४ग. ३४घ.र ३४ङ थप : मूल ऐनको दफा ३४ पछि देहायको दफा ३४क. ३४ख. ३४ग. ३४घ.र ३४ङ थपिएका छन् :-

“३४क. ट्रेड युनियन गठन गर्न सक्ने : श्रमजीवी पत्रकारहरुले आफ्नो व्यवसायिक तथा पेशागत हक हितको संरक्षण र सम्बर्द्धन गर्ने सम्बन्धमा आफू कार्यरत सञ्चार प्रतिष्ठानमा ट्रेड यूनियन सम्वन्धी प्रचलित कानूनको अधीनमा रही ट्रेड युनियन गठन गर्न सक्नेछन् ।

३४ख. विवाद समाधान सम्बन्धी व्यवस्थाः (१) श्रमजीवी पत्रकार, कर्मचारी वा कामदार र सञ्चार प्रतिष्ठानका व्यवस्थापन बीच सेवा शर्त र सुविधा सम्बन्धी कुनै विषयमा विवाद उठेमा प्रेस रजिष्ट्रारले वार्ता, मेलमिलाप वा मध्यस्थ जस्ता विभिन्न माध्यमबाट त्यस्तो विवाद समाधान गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विवाद समाधान गर्न प्रेस रजिष्ट्रारले श्रम सम्वन्धी प्रचलित कानूनले निर्धारण गरेको प्रक्रिया अवलम्बन गर्न सक्नेछ ।

३४ग. क्षमता विकास सम्बन्धी व्यवस्था गर्न सक्नेः नेपाल सरकार तथा सञ्चार प्रतिष्ठानले श्रमजीवी पत्रकारको व्यवसायिक दक्षता, क्षमता र सीप विकासको लागि अध्ययन तथा तालीमको व्यवस्था गर्न सक्नेछ ।

३४घ. निरीक्षण तथा अनुगमन गर्न सक्नेः (१) सञ्चार प्रतिष्ठानले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरे वा नगरेको सम्बन्धमा प्रेस रजिष्ट्रारले कुनै सञ्चार प्रतिष्ठानको निरीक्षण तथा अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा कुनै सञ्चार प्रतिष्ठानले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेको देखिएमा प्रेस रजिष्ट्रारले त्यस्तो सञ्चार प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रेस रजिष्ट्रारले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सञ्चार प्रतिष्ठानको कर्तव्य हुनेछ ।

३४ङ. यस ऐनको व्यवस्था लागू नहुने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले समितिसँगको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको कुनै सञ्चार प्रतिष्ठानको हकमा यस ऐनको व्यवस्था लागू हुने छैन ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले यस ऐनको व्यवस्था कुनै सञ्चार प्रतिष्ठानको हकमा लागू नहुने गरी तोक्दा देहायका आधार लिन सक्नेछ :-

(क) पत्रपत्रिकाको बिक्री संख्या,

(ख) रेडियोयन्त्रको क्षमता,

(ग) केबुल टेलिभिजनको ग्राहक संख्या,

(घ) हिट्स हुने अनलाईन पत्रिका संख्या,

(ङ) कार्यक्रम उत्पादन संख्या,

(च) समाचार वितरण संख्या ।"

१५. मुल ऐनको दफा ३६ को सट्टा देहायको दफा दफा ३६ राखिएको छ :-

३६ " नियम तथा विनियम बनाउने अधिकारः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउनसक्नेछ ।

(२) ऐन र यस ऐन अन्तरगत बनेको नियमको अधिनमा रहि प्रत्येक सञ्चार प्रतिष्ठानले श्रमजीवी पत्रकार, कर्मचारी वा कामदारको सेवा, शर्त एवं सुविधा सम्बन्धी विनियम बनाउनसक्नेछ ।

(३) उपदफा (२) बमोजिम सञ्चार प्रतिष्ठानले विनियम बनाउँदा यस ऐन र यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको सेवा, शर्त र सुविधा भन्दा कम हुनेगरी विनियम बनाउन सक्नेछैन् ।

१६ . रूपान्तरः मूल ऐनको ठाउँ ठाउँमा रहेका "पत्रिका व्यवस्थापन" भन्ने शव्दहरूको सट्टा "सञ्चार प्रतिष्ठान" भन्ने शब्दहरु राखी रूपान्तर गरिएकोछ ।